# सिद्धकुमाख गाउँपालिका
# स्थानीय राजपत्र
# भाग २
# सिद्ध कुमाख गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि,२०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः२०७७/०६/०६

प्रमाणित मितिः २०७७/०६/०६

२०७७ सालको कार्यविधि संख्याः १

सिद्ध कुमाख गाउँपालिकामा प्राविधिक जनशक्ति तथा विशेषज्ञ उत्पादन गर्ने उद्देश्यले गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न वान्छनीय भएकोले सिद्धकुमाख गाउँपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन,२०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक संक्षिप्त नाम र परिभाषाः

**१.संक्षिप्त नाम र परिभाषाः**(१) यो कार्यविधिको नाम"सिद्ध कुमाख गाउँपालिकाको छात्रवृत्ति वितरण कार्यविधि,२०७७"रहेको छ।

(२)यो कार्यविधि गाउँपालिका क्षेत्रभर लागू हुनेछ ।

(३)यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२.**परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क."कार्यपालिका" भन्नाले सिद्ध कुमाख गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ख."अध्यक्ष" भन्नाले सिद्ध कुमाख गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।

ग."प्रमुख प्रशासकिय अधिकृत" भन्नाले सिद्ध कुमाख गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ।

घ."शिक्षा शाखा" भन्नाले गाउँपालिकामा रहेको शिक्षा हेर्ने विभाग वा इकाइलाई सम्झनु पर्दछ ।

ङ" सिटिइभिटि" भन्नाले प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् सम्झनु पर्दछ ।

च. "सामुदायिक विद्यालय" भन्नाले स्थानिय तह वा व्वस्थापन समितिले जिम्मा लिएको विद्यालय सम्झनु पर्दछ ।

छ. "डिप्लोमा" भन्नाले प्राविधिक प्रविणता प्रमाणपत्र तहको जुनसुकै कोर्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## छात्रवृत्ति प्रदान विषय र आवश्यक न्युनतम योग्यता

**३.** यो कार्यविधि अन्तर्गत प्राविधिक विषयमा प्रविणता प्रमाणपत्र तहमा अध्ययनको लागि ४ वटा कोटामा तपशिलमा उल्लेख भए बमोजिमको कोर्षहरु अध्ययन गर्नका लागि मात्र छात्रवृत्ति प्रदान गर्न सकिनेछ । छात्रवृत्ति प्रदान गर्दा जम्मा लाग्ने शुल्कको शत प्रतिशत रकम प्रदान गर्न सकिनेछ ।

<u>प्रविणता प्रमाणपत्र तह</u>

क. प्रमाणपत्र तह नर्सिङ/डिप्लोमा इन फार्मेसी

ख. डिप्लोमा इन सिभिल इन्जिनियरिङ

ग. डिप्लोमा इन एग्रिकल्चर (बाली बिज्ञान)/ डिप्लोमा इन एग्रिकल्चर (पशु बिज्ञान )

घ. डिप्लोमा इन होटेल म्यानेजमेन्ट

४.छात्रवृत्ति प्राप्त गर्न आवश्यक न्युनतम योग्यता वा प्राप्ताङ्कको हकमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड अनुसार हुनेछ ।

**५.** दफा **३** र ४ मा जुनसुकै कुरा उल्लेख भएपनि अन्य विषय वा विधा अध्ययन गर्ने अति गरिब तथा जेहान्दार विद्यार्थीलाई छात्रवृत्ति छनौट तथा सिफारिस समितिको सिफारिसमा गाउँकार्यपालिकाको निर्णययानुसार छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।

## परिच्छेद ३

## छात्रवृत्तिको लागि आधारभूत मापदण्ड

**६. देहायका मापदण्ड वा योग्यता पुगेको अवस्थामा मात्र अनुसूची १ बमोजिमको निवेदन उपर कारबाही गरी यो छात्रवृत्ति प्रदान गर्न सकिनेछ ।**

क. सिद्ध कुमाख गाउँपालिका भित्रको स्थायी बासिन्दा,

ख. अति विपन्न/जेहेन्दार/दलित/जनजाती/महिला,

ग. फौजदारी अभियोगमा कसुरदार नठहरिएको,

घ. नेपाल सरकार शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय, विश्वविद्यालय तथा शिक्षण संस्थाले तोकेको न्युनतम मापदण्ड पुरा गरेको,

ङ. सामुदायिक विद्यालयबाट एसईई उत्तिर्ण गरेको,

च.अनुसूची २ बमोजिमको प्रतिबद्धता पत्रमा हस्ताक्षर गरेको,

छ. सम्बन्धित विद्यालय र वडा कार्यलयको सिफारिस पेश गरेको ।

ज. गा.पा.ले तोकेको सामुदायिक कलेजमा वा शिक्षालयमा अध्ययन गर्न चाहाने ।

यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भएतापनि एउटै व्यक्ति वा विद्यार्थीले यो छात्रवृत्ति एक पटक मात्र पाउनेछ ।

# परिच्छेद ४

# छात्रवृत्ति छनौट तथा सिफारिस समिति

**७.छात्रवृत्ति प्रदान गर्ने प्रयोजनको लागि गाउँकार्यपालिकालाई सिफारिस गर्न देहाय बमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछ ।**

क.गाउँपालिका अध्यक्ष -संयोजक

ख. गाउँपालिका उपाध्यक्ष - सदस्य

ग. प्रमुख प्रशासकीय अधिकृत -सदस्य

घ.संयोजकले तोकेको सामुदायिक विद्यालयको १ जना प्र.अ. -सदस्य

ङ. गाउँपालिकाको सामाजिक विकास समिति संयोजक -सदस्य

च. शिक्षा शाखा प्रमुख -सदस्य सचिव

**८.छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकारः**

छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम,कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क.छात्रवृत्ति शिर्षकमा बजेट विनियोजन तथा व्यवस्था गर्ने,

ख.गाउँपालिका भित्र अति विपन्न,जेहेन्दार विद्यार्थीको पहिचान गर्ने/गर्न लगाउने,

ग. छात्रवृत्तिको लागि उम्मेदवार छनौट गरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने,

घ. छात्रवृत्तिका लागि मनोनयन भएका उम्मेदवारसँग अनुसूची २ बमोजिमको ढाँचामा प्रतिबद्धता पत्र तयार गर्ने/गर्न लगाउने,

ङ. उम्मेदवारको प्रगति विवरण बारे गाउँ कार्यपालिकालाई जानकारी गराउने,

च. गाउँ कार्यपालिकाबाट तोके बमोजिम अन्य कार्य गर्ने ।

## परिच्छेद ५
## छनौट प्रक्रिया

**९. छात्रवृत्तिमा विद्यार्थी छनौट प्रक्रिया देहाय बमोजिम हुनेछः**

क. यस कार्यविधिको परिच्छेद ३ बमोजिमको सम्पुर्ण योग्यता र कागजात पुरा गरेको व्यक्तिले छात्रवृत्ति छनौट तथा सिफारिस समितिमा छात्रवृत्तिका लागि निवेदन पेश गर्नुपर्नेछ ।

ख. यसरी पेश हुन आएका निवेदन माथि जाँचबुझ गर्दा उपयुक्त ठहरिएमा छात्रवृत्ति छनौट तथा सिफारिस समितिले सम्वन्धित कलेजमा सिफारिस गर्नका लागि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

ग. गाउँ कार्यपालिकाको कार्यालयबाट सिफारिस लिई गाउँपालिकाले तोकेको कलेजबाट नाम निकाल्न सफल भएमा उक्त कलेजमा अध्ययन गर्दा लाग्ने सम्पुर्ण खर्चको रसिद तथा कलेजको सिफारिस गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

घ. बुदाँ नं "ग" बमोजिम पेश हुन आएका कागजात माथि छात्रवृत्ति छनौट तथा सिफारिस समितिले चेकजाँच गरी

छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीको विवरण कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

**ङ.** यस परिच्छेदको बुदाँहरु क देखि घ सम्म जुनसुकै कुरा लेखिएको भएतापनि छात्रवृत्तिका लागि सिफारिस गर्ने विशेष अधिकार गाउँ कार्यपालिकाको कार्यालयलाई हुनेछ

# परिच्छेद ६

## छात्रवृत्ति छनौट मापदण्डः

**१०. छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा देहाय बमोजिमको मापदण्डलाई आधार मानिनेछः**

क.गाउँपालिकाले वार्षिक स्वीकृत वजेट तथा कार्यक्रममा छुट्टयाएको छात्रवृत्ति रकमको अनुसार पुग्ने गरी प्रत्येक विद्यामा १/१ जनालाई मात्र छात्रवृत्ति प्रदान गरिनेछ।

ख.छुट्याइएको कोटा भन्दा वढी निवेदन आएमा CTEVT मो प्रारम्भिक परिक्षा (Entrance Exam) तथा दोस्रोमा SEE मा प्राप्त GPA लाई आधार मानि छनौट गरिनेछ ।

ग. गाउँपालिकाले छुट्याएको रकमबाट सवै विद्याका विद्यार्थीलाई रकम उपलव्ध गराउन अपुग भएमा दामासायीले रकम वितरण गरिनेछ ।

च. कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि छात्रवृत्तिका लागि छनौट गर्ने र रकम उपलव्ध गराउने अन्तिम अधिकार कार्यपालिकामा निहित रहनेछ ।

## अनुसूची १

## छात्रवृत्ति आवेदन फाराम

मितिः / /

प्रस्तुत विषयमा यस गाउँपालिकाको वडा न. ...........स्थायी निवासी....................को नाति/नातिनि..............को छोरा/छोरी..........ले गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति............संकायको........विश्वविद्यालयको.........डिप्लोमा प्रविणता प्रमाणपत्र तह ........ विद्यालय/क्याम्पसमा अध्ययनको लागि छात्रवृत्ति पाउँ भनि यो निवेदन पेश गर्दछु

निवेदक

नाम,थर

दस्तखत

# अनुसूची २

## प्रतिबद्धता पत्र

यस गाउँपालिकाको वडा न. ...... निवसी ........को नाति/नातिनी..........छोरा/छोरी म.................................ले गाउँपालिकाबाट वितरण हुने छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्न पाएको खण्डमा अध्ययन समाप्ति पश्चात गाउँपालिकामा कम्तीमा ........ वर्ष सेवा गर्ने प्रतिबद्धता जाहेर गर्दछु ।

औँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

आज्ञाले
मार्शल कुमार ओली
प्रमुख प्रशासकीय अधिकृत